# एमडीआईलाई राष्ट्रिय पुरस्कार

⊙सन्देश संवाददाता

हेटौंडा/कृषि वन तथा वातावरणको क्षेत्रमा क्रियाशील मकवानपुरको एक गैरसरकारी संस्थालाई राष्ट्रिय स्तरको सामाजिक सेवा पुरस्कार प्राप्त भएको छ ।

जगदीश घिमिरे सामाजिक सेवा पुरस्कारबाट मनहरी विकास संस्था (एमडीआई नेपाल) पुरस्कृत भएको हो । काठमाडौंमा जारी गैरसरकारी संस्था महासंघ नेपालको आठौं महाधिवेशनमा एमडीआई नेपालका कार्यकारी अध्यक्ष खोपनारायण श्रेष्ठलाई प्रधानमन्त्री केपी शर्मा ओलीले पुरस्कार प्रदान गरेका हुन् ।

पुरस्कार प्राप्त गरेपछि प्रतिक्रिया दिँदै अध्यक्ष श्रेष्ठले आफूले निरन्तर मकवानपुरको पश्चिम क्षेत्रमा गरेको मिहेनत र परिश्रमको उचित सम्मान भएको बताए । पश्चिम मकवानपुरका चेपाङ, तामाङ तथा विपन्न समुदायको बसोबास रहको बस्तीमा एमडीआई डेढदशकदेखि निरन्तर क्रियाशील गैरसरकारी संस्था हो । कृषि वन मार्फत गरिब र विपन्नहरुको आर्थिक उपार्जन तथा वातावरणीय संरक्षणमा संस्थाले काम गरिरहेको फिल्ड संयोजक नवीन सुवेदीले बताए ।

खासगरी अनिकालग्रस्त क्षेत्रमा कामका लागि खाद्यान्नलगायतका कामहरुको सहजीकरण गर्दै एमडीआईले खेर गइरहेका पाखो र रुखो जग्गाहरुलाई व्यवस्थित ढंगले आयमूलक विरुवाहरु केरा, भुइकटहर, अम्रिसो, कागती लगायतलाई प्रवर्द्धन गर्दै आइरहेको छ । एमडीआईले यसअघि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ ।